2236/438

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

**मु. नं. २५१/०७३/७४**

**निर्णय नं. ४३८**

जिल्ला बारा, कलैया नगरपालिका-२०, बकुलहर निबासी सर्फुल्लाह अंसारी ...............१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री अमर उ. मा. बि., दोहरी, बारा ..........................................१ } विपक्षी
सूचना अधिकारी, श्री अमर उ. मा. बि., दोहरी, बारा .......................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला बारा, कलैया नगरपालिका-२०, बकुलहर निबासी सर्फुल्लाह अंसारीले श्री अमर उ. मा. बि., दोहरी, बारा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०८।१६ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा पुनरावेदकलाई माग बमोजिमको सूचना किन उपलब्ध गराईएन सोको जवाफ यस आयोगमा ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्री अमर उ. मा. बि., दोहरी, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा पत्राचार गरिएकोमा हालसम्म कुनै जवाफ नआएको । पुनराबेदकले मिति २०७३।०९।१९ र मिति २०७३।१०।०७ मा पुन: उजुरी गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्री अमर उ. मा. बि., दोहरी, बाराको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ. ब. ०७१।७२ देखि ०७२।७३ सम्म जि. शि. का. बाट श्री अमर उ. मा. बि., बारालाई निकासा गरिएको जम्मा बजेट रकम, बजेट शीर्षक र खर्च भएको शीर्षक ।
२. श्री अमर उ. मा. बि., बारामा हाल कार्यरत स्थायी, अस्थाई शिक्षकहरु र कर्मचारीहरुको नाम, पद, ठेगाना, शैक्षिक योग्यता, तलब, संपर्क नम्बर सहितको बिवरण ।
३. श्री अमर उ. मा. बि.को सूचना अधिकारीको नाम, पद, ठेगाना, सम्पर्क नम्बर सहितको बिवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २३ गते रोज १ शुभम् ।